सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं ११ संवत २०८१ साल बैशाख ०२ गते https://sarumaranimun.gov.np

## सरुमारानीको गाउँपालिकाको हिंउदे अधिवेशन सम्पन्न ५ विद्येयक पारित




सरुमारानी गाउँपालिकाको दोस्रो गाउँसभा को १४ औं अधिवेशनको तथा हिउदे अधिवेशन मिति २०८०।१२।०३ गते शनिबार सम्पन्न भएको छ । गाउँसभाले विभिन्न ५ वटा विधेयकहरु पारित गरेको छ ।सभाले सरुमारानी गाउँपालिकाको नगर प्रहरी सम्वन्धी व्यवस्था गर्न बनेको विधेयक २०८०, खानेपानी तथा सरसफाइ र स्वच्छता सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, दलित सशक्तीकरण विधेयक २०८०, स्थानीय तह सहकारी ऐन, २०७५ को प्रथम संशोधित विधेयक, २०८० र वन व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को प्रथम संशोधन विधेयक पारित गरेको छ ।

गाउँसभा समापन समारोहलाई सम्बोधन गर्दै सरुमारानी गाउँपालिकाका अध्यक्षले गाउँपालिकाको समग्र विकासको लागि जनप्रतिनिधि/कर्मचारी जनताको सेवाको लागि सदा प्रयत्नशिल रहेको बताउनु भयो । गाउँसभा फाल्गुन ३० गते सुरु भई चैत्र ३ गते सम्पन्न भएको छ।



# स्थलगत भैसीपालन तालिम सम्पन्न

सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अन्तर्गत २ दिने स्थलगत भैंसीपालन तालिम गाउँपालिकाको सबै वडामा सम्पन्न भएको छ । मिति २०८०/१२/०१ देखि २०८०/१२/१६ गते सम्म संचालन भएको स्थलगत भैंसीपालन तालिममा कोरेली पाडी वितरण कार्यक्रममा छनौट भएका १२० जना कृषकहरुको सक्रिय सहभागिता रहेको थियो। तालिम सरुमारानी गाउँपालिका पशु सेवा शाखा प्रमुख श्री केशब गिरी र पशु स्वास्थ्य प्राविधिक श्री नेत्र बहादुर के.सि. ज्युले प्रशिक्षण तथा सहजीकरण गर्नु भएको थियो।






# सकारात्मक सोच तथा व्यक्तित्व विकास सम्बन्धी तालिम सम्पन्न




सरुमारानी गाउँपालिकाको आयोजनामा सकारात्मक सोच तथा व्यक्तित्व विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा, प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य मा.सूर्य थापा ,विशिष्ठ अतिथि संविधान सभा सदस्य श्री धन बहादुर रायमाझि, विशिष्ठ अतिथि सकारात्मक सोचका संरक्षक तथा प्रमुख बक्ता श्री कर्ण शाक्य ,उपाध्यक्ष श्री बसन्ता खड्का, प्रहरी नायब उपरीक्षक श्री ईश्वर थापा ,सकारात्क सोचका प्रमुख सल्लाहकार श्री जोश बहादुर निरौला ,उपप्रध्यापक एवं दाङ जिल्ला संयोजक श्री सुन्दर गौतम,अभियान संयोजक श्री प्रविण शाक्य ,भालुवाङ संयोजक श्री बसन्त पुन, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु , वडा सदस्य ज्यूहरु, विद्यालयका प्राधानाध्याक ज्यूहरु, विभिन्न क्षेत्रका बुद्धिजिवि ज्यूहरु, विभिन्न संघ संस्था बाट पाल्नु भएका प्रमुख तथा प्रतिनिधिहरु, कर्मचारीहरु, पत्रकार, शिक्षक, विद्यार्थिहरु , सुरक्षाकर्मिहरु लगाएत सम्पूर्ण महानुभावहरु उपस्थितिमा एक दिने अभिमुखिकरण कार्यक्रम सरुमारानी गाउँपालिकाको बहुउद्देशीय सभाहलमा सम्पन्न भएको छ ।












जिल्ला प्रहरी कार्यालय, प्यूठान ।
समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
सकारात्मक सोंच तथा तनाव व्यवस्थापन
सम्बन्धी अभिमूखीकरण कार्यक्रम

## मकैबाली खेति प्रविधि सम्बन्धी तालिम सम्मान

मिति २०८०/१२/१४ गते सरुमारानी गाउँपालिका ,प्यूठानको आ.व.२०८०/०८१ को प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट विकास निरन्तरता कार्यक्रम मार्फत लालीगुराँस कृषि तथा पशुपालन कृषक समूह सरुमारानी ६ मा १ दिने स्थलगत मकैबाली खेति प्रविधि सम्बन्धि तालिम सम्पन्न भएको छ ।उक्त तालिम प्रशिक्षण कृषि शाखा प्रमुख ईश्वर जि.सी र निर्मल भुषालले गर्नुभएको थियो ।








# क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न




क्षयरोग मुक्त नेपाल घोषणा अभियान अन्तर्गत सरुमारानी गाउँपालिकालाई क्षयरोग मुक्त गाउँपालिका अभियानका लागि पालिका स्तरीय १ दिने अभिमुखिकरण कार्यक्रम गाउँ पालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको संयोजकत्वमा पालिका स्तरीय समिति गठन गरि सम्पन्न भएको छ । उक्त अभिमुखिकरणको सहजीकरण सेभ द चिल्ड्रेनका वरिष्ठ कार्यक्रम व्यवस्थापक मिन बहादुर सिंहले गर्नु भएको थियो साथै प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकले स्वागत तथा उद्देश्य र स्वास्थ्य कार्यालय प्युठानका प्रमुख हेमराज पाण्डेले अभियान सम्बन्धमा मन्तव्य राखु भएको थियो । अभियानलाई सफल बनाउन समुदायमा क्षयरोग परिक्षण कार्यलाई स्वास्थ्यकर्मी तथा स्वयंसेवक परिचालन गरि अगाडि बढाउँदै लैजाने कुरामा जोड दिएको छ ।



## निःशुल्क भिडियो एक्सरे अल्ट्रासाउण शिविर सम्पन्न



सरुमारानी गाउँपालिकाको आयोजनामा सरुमारानी गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाको स्वास्थ्य संस्थामा मिति २०८०।१२।१५ गते देखि २० गते सम्म गर्भवती महिलाहरुका लागि निःशुल्क भिडियो एक्सरे (USG) ग्रामीण अल्ट्रासाउण शिविर सम्पन्न गरिएको छ । उक्त शिविर बाट वडा नं १ मा २३ जना, वडा नं २ मा ३० जना , वडा नं ३ मा २१ जना , वडा नं ४ मा ३४ जना , वडा नं ५ २० जना र वडा नं ६ मा ३० जना गरि जम्मा १५८ जनालाई निःशुल्क ग्रामीण अल्ट्रासाउण प्रदान गरिएको छ साथै उहाँहरुलाई आवश्यक स्वास्थ्य सल्लाहा तथा परामर्श समेत प्रदान गरिएको थियो।



## दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाले आ.व. २०८०/०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकमा सम्पादन गरेका कामको प्रभावकारिता तथा नागरिक सन्तुष्टि तथा गुनासो सुनुवाई गर्ने उदेश्यका साथ सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो । गाउँपालिकाले प्रत्येक चौमासिकमा गरिएका योजना तथा प्रदान गरिएका सेवाको पारदर्शिता सुनिश्चित गर्नका लागि गाउँपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्दै आइरहेको छ । सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा संचालन गरिएको उक्त कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, गाउँपालिका भित्र रहेका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, सामाजिक संघ संस्था, राजनैतिक दलका प्रतिनिधि, पत्रकार, कर्मचारी, बुद्धिजिबि, ब्यापारी, होटल व्यवसायी लगाएत गाउँबासीहरुको उपस्थिति रहेको थियो । सरुमारानी गाउँपालिकाको आयोजना तथा झुलेनी मिडिया प्रा.लीको सहजिकरणमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ज्यूले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो साथै आ.व. २०८०/०८१ को दोस्रो चौमासिक प्रतिवेदन प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्य ज्यूले प्रस्तुत गर्नुभएको थियो भने सहभागीहरुले गाउँपालिकाको समसामयिक गतिविधि, विकास निर्माण, बजार व्यवस्थापन, सेवा प्रबाह लगायत अन्य विषय बस्तुहरुमा जिज्ञासा, प्रश्न तथा सुझाव राख्नु भएको थियो, साथै गा.पा का अध्यक्ष , उपाध्यक्ष तथा गा.पा.का प्रमुख प्रशासकिय अधिकृतले उठेका सवाल तथा जिज्ञासाको जवाफ दिनुभएको थियो ।



## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाको आयोजनामा गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा,उपाध्यक्ष श्री बसन्ता खडका, प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठक, वडा अध्यक्षहरू,कार्यपालिका सदस्यहरू,शाखा प्रमुख हरूको सहभागीतामा,महिला सहयोगी मन्च प्युठानका अध्यक्ष श्री पार्वता आचार्यको सहजिकरणमा "सरूमारानी गाउँपालिकाको लैङ्गकि समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यक्रम" मिति २०८०।१२।२६ गते गाउँपालिकामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा लैङ्गकि समानता तथा सामाजिक समावेशीकरण परिक्षणका ५ वटा मुल सुचक र १०० वटा उप सुचकको आधारमा परिक्षण गरिएको थियो ।






# पालिका स्तरीय तेस्रो अध्यक्ष कप प्रतियोगित सम्पन्न

सरूमारानी गाउँपालिका युवा तथा खेलकुद विकास समितिका सह संयोजक श्री विजय विश्वकर्माको अध्यक्षतामा, लुम्बिनी प्रदेश सभाका सदस्य माननीय पुर्व मन्त्री तुल्सिराम शर्माको प्रमुख आतिथ्यतामा, गाउँपालिकाका आदरणीय अध्यक्ष श्री झग बहादुर विश्वकर्माको विशिष्ट आतिथ्यतामा, गाउँपालिकाका आदरणीय उपाध्यक्ष श्री बसन्ता खडकाको विशेष आतिथ्यतामा ,गापाका प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठक ,राजनीतिक दलका प्रतिनिधीहरू,सम्पूर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू,मावि तहका विव्यस अध्यक्ष, प्र.अ.हरू, जनप्रतिनिधिहरू, कर्मचारी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, आतिथ्यतामा, प्रहरी, आम दर्शक,खेल प्रेमी तथा प्रतियोगीहरूको उपस्थितिमा,खेलकुद विकास समिति सदस्य श्री शिवराज एम.सि.को स्वागतमा र शिक्षा शाखा प्रमुख पुष्पलाल शाहीको संचालनमा सरूमारानी २ रानीवगर दर्भानमा"सरूमारानी गाउँपालिका तेस्रो अध्यक्ष कप खेलकुद प्रतियोगिता" उदघाटन भएको यो कार्यक्रम सम्पन्न मिति २०८०।१२।२७ गते सम्पन्न भएको छ ।उक्त प्रतियोगितामा महिला तथा पुरूष भलिवल ,फुटबल र क्रिकेट खेलहरू समावेश गरिएको थियो ।





सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)


## प्रकाशकः

## सरुमारानी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## बङ्गाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**